# करार कर्मचारी व्यवस्थापन (दोश्रो संशोधन) कार्यविधि, २०८०

२०८०/०६/१८ मा स्वीकृत

प्रस्तावना: करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" मा संशोधन गर्न वान्छनीय भएकोले,

लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस कार्यविधिको नाम "करार कर्मचारी व्यवस्थापन (दोश्रो संशोधन) सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद् बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. मुल कार्यविधिको दफा ३ मा संशोधन:**

मुल कार्यविधिको दफा ३ को सट्टामा देहायको दफा ३ राख्ने :

“प्रदेश सरकारको स्वीकृत दरवन्दी भित्रका श्रेणी/तह विहिन पदमा वाहेक रिक्त प्राविधिक पदमा स्वास्थ्य सेवाको आठौं तहसम्म र अन्य सेवाको सातौं तहसम्मका कर्मचारी यस कार्यविधि बमोजिम बढिमा एक आर्थिक वर्षका लागि करारमा राख्न सकिनेछ ।

तर, प्रदेश सरकारको निर्णय अनुसार स्वास्थ्य सेवाको हकमा नवौ तहमा करारमा कर्मचारी भर्ना गरी कार्यसम्पादन गराउन सकिनेछ ।”

**३. मुल कार्यविधिको दफा ७ को उपदफा (१) मा संशोधन:**

मुल कार्यविधिको दफा ७ को उपदफा (१) को तालिकाको क्र.सं. २ को सूचकको सट्टा देहायको सूचक राख्ने ।

| क्र.सं. | सूचकहरु | अङ्कभार |
|---|---|---|
| | **शैक्षिक योग्यता** | **५५** |
| १ | तोकिएको पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता वापत | ४५ |
| २ | सम्बन्धित सेवा समूहको पदमा कम्तिमा एक महिना वा सो भन्दा बढी अवधिको तालिम भएमा | ५ |
| | **कार्यअनुभव** | **५** |
| १ | सम्बन्धित विषयमा कार्यअनुभव भएकोमा प्रति वर्ष १ अकंका दरले बढीमा | ५ |
| | **जम्मा अंङ्कभार** | **५५** |